# सैनिक उपचारिका नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४९।४।१२

**संशोधन**

१. सैनिक उपचारिका (पहिलो संशोधन) नियमावली, २०५३ — २०५३।२।२१

२. सैनिक उपचारिका (दोस्रो संशोधन) नियमावली, २०५६ — २०५६।५।१४

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सैनिक उपचारिका नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "सैनिक अस्पताल" भन्नाले नेपाली सेनाद्वारा व्यवस्थित केन्द्रीय अस्पताल, क्षेत्रीय अस्पताल, उपक्षेत्रीय अस्पताल र जिल्ला अस्पताल सम्झनु पर्छ र सो शब्दले स्थायी वा अस्थायी बासस्थान भएको स्वास्थ्य केन्द्रसमेतलाई जनाउँछ ।

(ख) "सैनिक उपचारिका (नरसिङ सिष्टर्स)" भन्नाले सैनिक अस्पतालमा रहेका सहायक उपचारिका, सह-उपचारिका, वरिष्ठ उपचारिका, सह दक्ष उपचारिका, दक्ष उपचारिका वा उच्च दक्ष उपचारिका सम्झनु पर्छ ।

(ग) "सहायक उपचारिका" भन्नाले सुवेदारको पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

(घ) "सह उपचारिका" भन्नाले उपसेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

(ङ) "वरिष्ठ उपचारिका" भन्नाले सह-सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

(च) "सह-दक्ष उपचारिका" भन्नाले सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(छ) "दक्ष उपचारिका" भन्नाले प्रमुख सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

(ज) "उच्च दक्ष उपचारिका" भन्नाले महासेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनु पर्छ ।

(झ) "प्रवर समिति" भन्नाले सैनिक प्राविधिक सेवा नियमहरू, २०१९ को नियम ४ बमोजिम गठित प्रवर समिति सम्झनु पर्छ ।

३. **सैनिक उपचारिकाको पद प्राविधिक हुने** : यस नियमावली बमोजिम नियुक्ति भएका सैनिक उपचारिकाको पद प्राविधिक हुनेछ ।

४. **योग्यता** : देहायका योग्यता पुगेका महिलाहरू मात्र देहायको सैनिक उपचारिकाको पदमा नियुक्तिको लागि योग्य मानिने छन् :-

(क) सहायक उपचारिकाको लागि नेपाल सरकारको मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट नरसिङ विषयमा प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गरेको,

(ख) सह-उपचारिकाको लागि नेपाल सरकारको मान्यताप्राप्त कुनै शिक्षण संस्थाबाट नरसिङ विषयमा स्नातक तहको परीक्षा उत्तीर्ण गरेको वा बी.एस्सी. नरसिङ कोर्ष पास गरेको,

(ग) नियुक्तिको लागि छानिने वर्षको वैशाख १ गते सम्ममा ३ वर्ष उमेर ननाघेको,

५. **नियुक्त र पदोन्नति** : (१) सहायक उपचारिकाको पदमा नियुक्तिको लागि प्रवर समितिद्वारा सिफारिस भएका उम्मेदवारलाई ∇कार्यरथीले नियुक्ति गर्नेछ ।

(२) सह-उपचारिकाको पदमा नियुक्तिको लागि प्रवर समितिबाट सिफारिस भएको उम्मेदवारलाई प्रधान सेनापतिले नेपालसरकार, रक्षा मन्त्रालयमा स्वीकृतिको निमित्त पेश गर्ने छ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले सह-उपचारिकाको आयुक्त पद पाउने छ ।

(३) सहायक उपचारिकाको पदमा दश वर्षसम्म काम गरी सैनिक आधारभूत तालिम प्राप्त महिलालाई सहउपचारिकाको पदमा पदोन्नती गर्न सकिनेछ ।

---

∇ **दोस्रो संशोधनद्वारा संशोधित ।**

∇(४) देहायको दर्जामा समयको अवधिबाट सब्स्ट्यान्टिव पदोन्नति हुन सह- उपचारिकाको पदमा नियुक्त वा बढुवा भएको मितिबाट देहायबमोजिमको सेवा अवधि तथा शर्त पूरा गर्नुपर्नेछ ।

(क) सह- उपचारिकाबाट वरिष्ठ उपचारिकामा दुई वर्षको सन्तोषजनक सेवा अवधि पूरा गरी प्राविधिक आधारभूत तालिम उत्तीर्ण ।

(ख) वरिष्ठ उपचारिकाबाट सह-दक्ष उपचारिकामा नौ वर्षको सन्तोषजनक सेवा अवधि ।

(ग) सह-दक्ष उपचारिकाबाट दक्ष उपचारिकामा तेह्र वर्षको सन्तोषजनक सेवा अवधि ।

(घ) दक्ष उपचारिकाबाट उच्च दक्ष उपचारिकामा सत्र वर्षको सन्तोषजनक सेवा अवधि ।

∇(५) .....

∇(६) .......

∇(७) .......

♦**५क. <u>एक्टिङ्ग पदोन्नतिः</u>** देहायका दर्जामा एक्टिङ्ग पदोन्नति हुन देहायको कमिशन सेवा पूरा गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| (क) | सह-दक्ष उपचारिकाको लागि | आठ वर्ष |
| (ख) | दक्ष उपचारिकाको लागि | एघार वर्ष |
| (ग) | उच्च दक्ष उपचारिकाको लागि | पन्ध्र वर्ष |

**६. <u>सैनिक उपचारिकाले पाउने सुविधा</u>** : (१) सैनिक उपचारिकाले देहाय बमोजिमका सुविधाहरू पाउने छन् :-

(क) नेपाली सेनाले पाए सरहको रासन तथा तोकिएको पोशाक सुविधा ।

(ख) सैनिक अस्पतालभित्र भएको निवास स्थानमा बस्ने सुविधा, तर अविवाहित सैनिक उपचारिकालाई विशेष ग्राह्यता दिइने छ ।

(ग) सेवाको अवधिभर दुई पटक सम्म प्रसूती बिदा ।

---

♦ **दोस्रो** संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

[८]७. **उमेरको हद** : सैनिक उपचारिकाको अवकासको निमित्त उमेरको हद देहाय बमोजिम हुनेछ :-

(क) सहायक उपचारिका - ५० वर्ष

(ख) सह उपचारिका - ५३ वर्ष

(ग) वरिष्ठ उपचारिका - ५३ वर्ष

(घ) सह दक्ष उपचारिका - ५३ वर्ष

(ङ) दक्ष उपचारिका - ५५ वर्ष

(च) उच्चदक्ष उपचारिका - ५६ वर्ष

८. **अवधि** : उच्च दक्ष उपचारिकाको सेवाको अवधि ५ वर्षको हुनेछ ।

तर, वफादारिका साथ लामो समयसम्म सेवा गरेका उच्च दक्ष उपचारिकाको आवश्यक छ भन्ने कुरा प्रधान सेनापतिलाई लागेमा शारीरिक रुपले तन्दुरुस्ती भई काम दिन सक्ने भनी सैनिक स्वास्थ्य सेवा निर्देशकको सिफारिस भएमा उच्च दक्ष उपचारिकालाई पाँच वर्षको अवधि पूरा भएपछि पनि उमेरको हद ननाघ्ने गरी अर्को दुई वर्षको लागि एक पटकको अवधि थप गर्न प्रधान सेनापतिले आफ्नो राय सहित स्वीकृतिको लागि नेपालसरकार, रक्षा मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

९. **खारेजी** : सैनिक उपचारिका नियमावली, २०४१ खारेज गरिएको छ ।

१०. **बचाउ** : यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य कुराको हकमा सैनिक सम्बन्धी प्रचलित नियम बमोजिम हुनेछ ।

---

[८] प्रथम संशोधनद्वारा संशोधित ।